# विराटनगर महानगरपालिका

## स्थानीय राजपत्र

खण्डः७ | सङ्ख्याः१ | राजपत्रमा प्रकाशित मितिः२०८१/०२/३०

## भाग १

# नगर प्रहरी ऐन २०८०

# विराटनगर महानगरपालिकाको नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन गर्न बनेको ऐन, २०८०

*नगर सभाबाट स्वीकृत मितिः२०८०/१०/१७*

*प्रमाणीकरण मितिः २०८०/१०/२२*

प्रस्तावनाः महानगरपालिका भित्र कानूनको शासन स्थापित गर्दै नागरिकहरुलाई शान्ति र सुरक्षा तथा व्यवस्थाको प्रत्याभुति गर्न, बजार व्यवस्थापन, नगरक्षेत्र भित्रका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्धन गर्न तथा विपद् व्यवस्थापन तथा अन्य आकस्मिक घटनाहरुको तत्काल सम्बोधन र समन्वय गरी नागरिकको जीउ धनको सुरक्षा गर्दै नगर भित्र सुव्यवस्था कायम गरी नगरबासीलाई स्थानीय सरकारको अनुभूति प्रदान गर्न नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

नेपालको संबिधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ ले दिएको अधिकारको प्रयोग गरी विराटनगर महानगरपालिकाको नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः (क) यस ऐनको नाम **"नगर प्रहरी ऐन, २०८०"** रहेको छ।

(ख) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) महानगरपालिका भन्नाले विराटनगर महानगरपालिका सम्झनु पर्छ।

(ख) नगर सभा भन्नाले विराटनगर महानगरपालिकाको नगर सभा सम्झनु पर्छ।

(ग) प्रमुख भन्नाले महानगरपालिकाको प्रमुख सम्झनु पर्छ।

(घ) उपप्रमुख भन्नाले महानगरपालिकाको उपप्रमुख सम्झनु पर्छ।

(ङ) कार्यालय भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(छ) नगर प्रहरी भन्नाले यस ऐन अन्तर्गत गठित नगर प्रहरी सम्झनु पर्छ।

(ज) तोकिएको वा तोकिए बमोजिम भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम वा नगर कार्यपालिकाको निर्णयबाट तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) नगर प्रहरी प्रमुख भन्नाले नगर प्रहरी नायव उपरीक्षक वा उक्त पद रिक्त रहेको अवस्थामा कार्यालयले तोकेको मौजुदा वरिष्ठ नगर प्रहरी अधिकृत सम्झनु पर्छ।

(झ) नगर प्रहरी अधिकृत भन्नाले नगर प्रहरी नायव निरीक्षक भन्दा माथिका नगर प्रहरी कर्मचारीलाई सम्झनु पर्छ।

(ञ) नगर प्रहरी कर्मचारी भन्नाले नगर प्रहरी अधिकृत, हवल्दार र जवान समेतलाई सम्झनु पर्छ।

(ट) वारुण यन्त्र कर्मचारी भन्नाले नगर प्रहरी अन्तर्गतका तालिमप्राप्त अग्नी नियन्त्रक (फायरम्यान) कर्मचारीलाई सम्झनुपर्छ ।

(ढ) पदपूर्ति समिति भन्नाले दफा ८ बमोजिमको पदपुर्ति समिति सम्झनु पर्छ।

परिच्छेद-२

## नगर प्रहरी सेवाको गठन,रेखदेख र नियन्त्रण

३. नगर प्रहरीको व्यवस्थाः- (१) महानगरपालिकामा एक नगर प्रहरी सेवा रहने छ। नगर प्रहरी संगठनको प्रमुख नगर प्रहरी नायव उपरीक्षक रहनेछ ।

(२) नगर प्रहरी सेवामा देहाय बमोजिमको नगर प्रहरी कर्मचारीहरु रहनेछन्।

(क) नगर प्रहरी नायव उपरीक्षक - अधिकृतस्तर सातौं तह

(ख) नगर प्रहरी निरीक्षक - अधिकृतस्तर छैटौं तह

(ग) नगर प्रहरी नायव निरीक्षक – सहायकस्तर पाचौं तह

(घ) नगर प्रहरी सहायक निरीक्षक - सहायकस्तर चौथौ तह

(ङ) नगर प्रहरी हवल्दार - सहायकस्तर तेश्रो तह

(च) नगर प्रहरी जवान - सहायकस्तर दोश्रो तह

(छ) नगर प्रहरी परिचर - (आधारभूत तह)

(३) नगर सभाले नगर प्रहरीको दरबन्दी सृजना गर्न सक्नेछ र सो दरबन्दीमा आवश्यकता अनुसार पदपूर्ति गरिनेछ ।

(४) नगर प्रहरी सेवामा रहने नगर प्रहरी कर्मचारीहरुको तह र श्रेणी अनुसारको संख्या नगर सभाले निर्धारण गरी स्वीकृत गरे बमोजिम हुनेछ।

(५) उपदफा (३) बमोजिम नगर सभाले नगर प्रहरीको थप दरबन्दी सृजना गर्नुअघि सो पद सृजना गर्नको कारण, कार्यबोझ, कार्य प्रकृति, आवश्यकता र औचित्यका आधारमा संगठन तथा सर्वेक्षण (ओ एण्ड एम) गरी गर्नु पर्नेछ।

(६) नगर प्रहरीको संगठन समावेशी स्वरुपको हुनेछ।

(७) महानगरपालिकाले प्रत्येक पदको कार्य विवरण तयार गर्नेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य र अधिकार समेत उल्लेख गर्नु पर्नेछ।

४. नगर प्रहरीको सञ्चालन एंव परिचालनः- (१) नगर प्रहरी नगर कार्यपालिका प्रति उत्तरदायी हुनेछ।

(२) नगर कार्यपालिकाले नगर प्रहरीको रेखदेख, निर्देशन र नियन्त्रण गर्नेछ।

(३) महानगरपालिकाको आदेश र निर्देशनको पालना गर्नु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

५. <u>नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः</u> ( १) महानगरपालिकाले गरेको निर्णय कार्यान्वन् गर्न सहयोग पुर्याउने कार्य गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ।

(२) उपदफा (१) का अतिरिक्ति नगर प्रहरीले देहायका कार्यहरू गर्नुपर्नेछः-

(क) न्यायिक समितिले गरेको मिलापत्र तथा निर्णय कार्यान्वयनमा सहयोग पुर्याउने

(ख) महानगरपालिकाबाट आयोजित सभा समारोह,परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यस्थापनमा सहयोग पुर्याउने,

(ग) नगरभित्रको बजार, सडक, पार्किङ्गस्थलको रेखदेख र व्यवस्थापनमा सहयोग पुर्याउने

(ङ) महानगरपालिकाको सम्पति र सम्पदाको संरक्षण गर्ने,

(च) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पुर्वाधारको संरक्षण र सुरक्षामा सहयोग पुर्याउने,

(छ) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्दार राहत तथा पुनर्स्थापनामा सहयोग पु¥याउने,

(ज) अनधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रणमा सहयोग पुर्याउने,

(झ) छाडा पशु चौपायाको नियन्त्रणमा सहयोग पुर्याउने,

(ञ) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण, रोकथाम तथा नियन्त्रणमा सहयोग पु¥याउने,

(ट) महानगरपालिकाले तोके बमोजिका अन्य कार्यहरु गर्ने गराउने,

(३) नगर प्रहरीको ड्युटीको खटन पटन तथा अन्य जिम्मेवारीको बाँडफाँड महानगरपालिकाले तोके बमोजिम नगर प्रहरी प्रमुखले गर्नेछ, दैनिक रुपमा निजले सो को जानकारी कार्यालयलाई दिनु पर्नेछ।

(४) कार्यालयले तोकेको जुनसुकै समयमा पनि उपस्थित भई काम गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ।

(५) नगर प्रहरी प्रमुखले नगर प्रहरीको हाजिरी, बिदा तथा ड्युटी अभिलेख अद्यावधिक गरी राख्नेछ।

(६) विराटनगर महानगरपालिकाबाट सञ्चालन भईरहेको वारुण यन्त्र (दमकल)को सञ्चालन तथा व्यवस्थापन प्रमुख प्रशासकीय अधिकृतको निर्देशनमा नगर प्रहरी प्रमुखले गर्नेछ ।

(७) दैनिक रुपमा नगर प्रहरीबाट भए गरेको कार्य सम्पादनको विवरण नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद-३

# नगर प्रहरीको नियुक्ति र सेवा शर्त सम्बन्धी व्यवस्था

६. **नगर प्रहरी सेवाको पदपूर्तिः** (१) नगर प्रहरी सेवाको देहायको पदमा देहाय बमोजिम पुर्ती गरिनेछः-

| पद | खुला प्रतियोगिताद्वारा | आन्तरिक प्रतिस्पर्धा तथा नयाँ नियुक्ति |
|---|---|---|
| नगर प्रहरी परिचर | शत प्रतिशत | ------- |
| नगर प्रहरी जवान | शत प्रतिशत | ----- |
| नगर प्रहरी हवल्दार | -------- | शत प्रतिशत |
| नगर प्रहरी सहायक निरिक्षक | ४० प्रतिशत | ६० प्रतिशत |
| नगर प्रहरी नायव निरिक्षक | ------- | शत प्रतिशत |
| नगर प्रहरी निरिक्षक | ४० प्रतिशत | ६० प्रतिशत |
| नगर प्रहरी नायव उपरीक्षक | --------------- | शत प्रतिशत |

(२) खुल्ला प्रतियोगिताबाट पदपूर्ति हुने पदहरुमा समावेशिताको सिद्धान्तको आधारमा पदपुर्ति हुनेछ ।

(३) नगर प्रहरीको नियुक्तिका लागि आवश्यक पर्ने शारीरिक तन्दुरुस्ती, अन्तवार्ताको विधि, परीक्षाको पाठ्यक्रम तथा परीक्षा प्रणाली सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम पदपुर्ति समितिले तय गरे बमोजिम हुनेछ।

(४) महानगरपालिकाद्वारा खुल्ला प्रतियोगिताबाट पदपुर्ति गरिने पदमा नियुक्ति गर्दा महानगरपालिका भित्र स्थायी बसोबास भएका उम्मेदवारको हकमा निश्चित अंकभार छुट्याउन सकिने छ।

७. **नगर प्रहरीको न्युनतम योग्यता तथा अयोग्यताः** (१) खुला प्रतियोगिताद्वारा नियुक्त हुने नगर प्रहरी सेवाको विभिन्न पदमा उम्मेदवार हुन न्यूनतम शैक्षिक योग्यता र अन्य योग्यता अनुसूची १ बमोजिम हुनेछ।

(२) नगर प्रहरी सेवाको रिक्त पदमा आन्तरिक प्रतिस्पर्धा तथा नयाँ नियुक्तिद्वारा पदपूर्ति हुने पदको उम्मेद्वार हुन आन्तरिक प्रतिस्पर्धा तथा नयाँ नियुक्ति हुने तहभन्दा एक तह मुनिको पदमा देहाय बमोजिमको न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ :

(क) नगर प्रहरी निरिक्षक र नगर प्रहरी नायव उपरीक्षक पदका लागि चार वर्ष पूरा भएको।

(ख) नगर प्रहरी सेवाको प्रहरी हवल्दार, सहायक प्रहरी निरिक्षक, प्रहरी नायव निरिक्षक पदमा आन्तरिक प्रतिस्पर्धाद्वारा नियुक्ति हुनका लागि तीन वर्ष पुरा भएको।

(३) माथि जुनसुकै कुरा लेखिएको भएता पनि नगर प्रहरी प्रमुख पदमा आन्तरिक प्रतिस्पर्धाद्वारा पुर्ति गर्न संभाब्य उम्मेदवार नभएमा अन्य सरकारी सुरक्षा निकायको समान पदबाट अवकाशप्राप्त व्यक्तिलाई नियुक्ती गर्न सकिनेछ। तर निजको उमेर ५० बर्ष ननाघेको हुनु पर्नेछ।

(४) देहायको अवधिभर नगर प्रहरी कर्मचारी आन्तरिक प्रतिस्पर्धाका लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैनः

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(क) आन्तरिक प्रतिस्पर्धा रोक्का गरिएकोमा सो अवधिभर,

(ग) बहाल रहेको पदमा तीनपटक भन्दा बढी नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,

(५) देहायको व्यक्ति नगर प्रहरी सेवामा नियुक्त हुन अयोग्य मानिनेछः

(क) गैरनेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूदार ठहरिएको व्यक्ति

(ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको व्यक्ति

(घ) अदालतबाट मानव अधिकार वा मानवीय कानुनको उल्लघंनमा कसूरदार ठहरिएको व्यक्ति।

८. <u>पदपूर्ति समितिः</u> (१) नगर प्रहरीको खुला तथा आन्तरिक प्रतिस्पर्धा प्रतियोगिताद्वारा पदपुर्ति हुने पदको लागी देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| (ख) प्रमुखले तोकेको एक जना सुरक्षा विज्ञ | सदस्य |
| (ग) कर्मचारी प्रशासन हेर्ने महाशाखा/शाखाको प्रमुख | सदस्य सचिव |

स्पष्टिकरणः- खण्ड (ख) को प्रयोजनको लागि सुरक्षा निकायको प्रहरी नायव निरीक्षक वा सो सरहको पद वा सोभन्दा माथिको पदमा बहालवाला रहेको वा अवकाशप्राप्त सुरक्षाकर्मीमध्येबाट तोक्न सकिनेछ।

९. <u>पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः</u> (१)नगर प्रहरी कर्मचारीको पदपूर्तिको सिलसिलामा पदपुर्ति समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) खुला र आन्तरिक प्रतिस्पर्धाको माध्यमबाट हुने पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने।

(ख) पदपूर्ति कार्य तालिका बनाउने।

(ग) परीक्षाको किसिम तोक्ने।

(घ) लिखित परिक्षाका लागि विज्ञापन प्रकाशित गर्ने ।

(ङ) परिक्षा संचालन गर्ने

(च) नतिजा प्रकाशन गर्ने

(छ) नियुक्तिका लागि सिफारिश गर्ने।

(ज) नगर प्रहरी सेवाको पदमा नियुक्ति र आन्तरिक प्रतिस्पर्धाको माध्यमबाट नियुक्ति गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त अनुसार पदपूर्तिसँग सम्बन्धित अन्य कार्य गर्ने।

१०. <u>योग्यताक्रम सूची तयार गर्नेः</u> (१) उम्मेदवारहरुले दिएको लिखित परीक्षा, शारीरिक तन्दुरुस्ती र अन्तर्वार्तामा प्राप्त गरेको अंक समेतको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिमको पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस गर्दा कुल रिक्त पदको बढीमा पन्ध्र प्रतिशतसम्म योग्यताक्रम अनुसार वैकल्पिक उम्मेद्वार राख्नु पर्नेछ।

(३) वैकल्पिक उम्मेद्वारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ।

(४) उपदफा (१) बमोजिम नियुक्तिको लागि सिफारिश गरिएका उम्मेद्वारलाई सिफारिश भएको मितिले पन्ध्र दिनभित्र महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनु पर्नेछ।

११.<u>जेष्ठताक्रम कायम गर्नेः</u> (१) खुल्ला प्रतियोगिताबाट पदपुर्ति भएका नगर प्रहरी निरीक्षक र नगर प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंक र शैक्षिक योग्यताको आधारमा कायम गरिनेछ ।

(२) आन्तरिक प्रतिस्पर्धाको माध्यमबाट पदपुर्ति भएका बहालवाला नगर प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिश गरेको योग्याताक्रमलाई नै ज्येष्ठताको क्रम मानिनेछ।

१२. <u>परीक्षण कालमा राखिनेः</u> (१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई एक बर्षको परीक्षण कालमा राखिनेछ। तर महिला नगर प्रहरी कर्मचारीको हकमा परीक्षण कालको अवधि छ महिनाको मात्र रहनेछ।

(२) उपदफा(१) बमोजिम परीक्षण कालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले कारण खुलाई पर्चा खडा गरी अवकाश दिन सक्नेछ।

१३. <u>नियुक्ति बदर हुने अवस्थाः</u> (१) नियुक्ति गर्ने अधिकारीले देहायको अवस्थामा नगर प्रहरी कर्मचारीको नियुक्ति बदर गर्न सक्नेछ

(क) परीक्षण कालमा जिम्मेवारी बहन गर्न असक्षम देखिएमा वा आचारण सन्तोषजनक नभएमा,

(ख) नगर प्रहरी आधारभूत तालिममा असफल भई तोकिए बमोजिम मौका दिँदा समेत सफल हुन नसकेमा,

(ग) यस ऐन बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा।

१४. <u>शपथ ग्रहणः</u> नगर प्रहरीले नियुक्ति गर्न अख्तियार प्राप्त अधिकारीसमक्ष शपथ ग्रहण गर्नु पर्नेछ।

१५. <u>पदाधिकार कायम रहनेः</u> देहायको अवस्थामा नगर प्रहरीको आफ्नो पदाधिकार कायमै रहनेछः

(क) आफ्नो पदमा कामकाज गरी रहँदासम्म

(ख) बिदामा बसेको अवधिभर

(ग) निलम्बनमा रहेको अवधिभर

(घ) महानगरपालिकाद्वारा तोकिएको अन्य कार्य गरुन्जेलको अवधिभर

(ङ) अन्य पदमा कायम मुकायम भई काम गरेको अवधिभर

१६. यस ऐन बमोजिम कार्यरत शैक्षिक योग्यता पुगेका नगर प्रहरीलाई माथिल्लो तहमा करार बमोजिम नियुक्ति गर्दा निजले तल्लो पदमा रही कार्य गर्दाको कार्य सम्पादन मुल्याङ्कन, ज्येष्ठता र दक्षताको मुल्याङ्कन, तालिममा प्राप्त गरेको अंकलाई विशेष प्राथमिकता दिईनेछ ।

## <u>परिच्छेद- ४</u>

## <u>आचरण सम्बन्धी व्यवस्था</u>

१७. <u>आचारणः</u> नगर प्रहरीले देहायबमोजिको आचारण पालन गर्नु पर्नेछः

(क) प्रचलित कानून तथा महानगरपालिकाको निर्णय, नीति नियमको पालना गर्नु पर्नेछ,

(ख) कामको सिलसिलामा सुपरीवेक्षक वा सम्बन्धित माथिल्लो अधिकृतले दिएको आदेशको पालन गर्नु पर्नेछ,

(ग) महानगरपालिकाका कर्मचारी, सेवाग्राही तथा नगरवासी प्रति सम्मान र आदर भाव राख्नु पर्नेछ,

(घ) स्वच्छ चरित्र एंव आचारण युक्त हुनु पर्नेछ,

(ङ) डुयुटिमा खटिएको समयमा पान, गुटखा, सूर्तिजन्य पदार्थ वा मध्यपान गर्नु हुँदैन,

(च) महानगरपालिका वा कार्यालयको अहित हुने कुनै कार्य गर्नु गराउनु हुँदैन,

(छ) राजनीति वा राजनैतिक गतिविधि, धर्ना, जुलुसमा सामेल हुनु हुँदैन,

(ज) नियुक्ति भएको मितिले तीन महीना भित्र तोकिएको ढाँचामा महानगरपालिका समक्ष सम्पत्ति विवरण दाखिला गर्नु पर्नेछ,

(झ) कार्यालयको पूर्वस्वीकृति नलिई कुनै किसिमको व्यापार व्यवसाय गर्नु हुँदैन,

(ञ) कार्यालयको पूर्वस्वीकृती नलिई आफ्नो कर्तव्य पालनाको सिलसिलामा जानकारी हुनआएको कुनै पनि सूचना अधिकार प्राप्त व्यक्ति वा संस्था बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुँदैन,

(ट) कार्यालयको अनुमति नलिई कार्यालयको कामकारबाहीका संबन्धमा कुनै सञ्चार माध्यामा आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा वेनामी कुनै लेख प्रसारण प्रकाशन गर्न गराउन हुँदैन।

(ठ) महानगरपालिकाको नीति विपरीत महानगरपालिकाको प्रतिष्ठामा आँच आउने गरी विचार व्यक्त गर्न वा सम्वाद, लेख रचना प्रकाशन गर्नु हुँदैन।

(ड) कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभाव पार्न हुदैन।

(ढ) कुनै पनि राजनीतिक दल र सो सँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनितिमा भाग लिन, राजनितिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनितिक संस्था वा आन्दोलनलाई सहयोग गर्नु हुँदैन।

(ण) नियमितरुपले तोकिएको समयमा कार्यालयमा हाजिर हुनु पर्ने र बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुनु हुदैन।

(त) नगर प्रहरीले आफु भन्दा माथिल्लो दर्जाको अधिकारीको अधिनमा रही कार्य सम्पादन गर्नु पर्नेछ।

(थ) कार्य सम्पादनको सिलसिलामा कसैलाई कुनै अनुचित प्रभावमा पार्न र कसैको कुनै अनुचित प्रभावमा पर्न हुँदैन।

(द) प्रचलित नेपाल कानूनको प्रतिकूल हुने गरी बाल विवाह, बहु विवाह गर्नु-गराउनु हुँदैन।

(ध) नगर प्रहरी लैगिंक संवेदनशील हुनु पर्नेछ।

(न) आफूभन्दा माथिल्लो वा तल्लो तहका कर्मचारीउपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न गराउन हुँदैन।

(प) अन्य मुलुकको स्थायी आबासीय अनुमति लिन वा लिनका निम्ति आबेदन गर्न हुदैन।

(फ) सेवा प्रदायक वा निजको परिवारका सदस्यबाट कुनै प्रकारको दान, दातब्य, कोसेली, वा उपहार स्वीकार गर्न हुदैन। चन्दा माग्न, सापटी लिन हुदैन।

(ब) कसैलाइ यातना दिन र यौनजन्य दुर्व्यबहार गर्न हुदैन।

(भ) आफुलाई तोकिएको जिम्मेवारी र कर्तव्य निष्पक्षता एवं निर्भीकतापूर्वक बहन गर्नु पर्दछ।

(म) आफू सेवा वा जिम्मेवारीबाट अलग हुंदा अनिबार्य रुपमा आफ्नो जिम्माको नगदी जिन्सि र कागजपत्र बरबुझारथ गरी फरफारक लिनु पर्नेछ।

## परिच्छेद-५

## सजाय र पुनरावेदन

१८. **सजायः** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई अख्तियारवालाले देहायको सजाय गर्न सक्नेछ

(१) सामान्य सजायः-

(क) नसिहत दिने वा प्रतिकूल राय लेख्ने।

(ख) शारीरिक थकाई (Fatigue) हुने सजाय गर्ने।

(ग) तलब वृद्धी वा पदोन्नति रोक्का गर्ने।

(२) विशेष सजायः-

(क) भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने।

(ख) भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी नोकरी बाट बर्खास्त गर्ने।

(३) नगर प्रहरीले लापरवाही गरेको कारणबाट महानगरपालिकालाई नोक्सानी भएको बिगो सम्पूर्ण वा आंशिक रुपमा निजको तलबभत्ताबाट कट्टी गरी असूल उपर गर्न सकिने छ।

(४) महानगरपालिकाको कार्यालयले सजायको अभिलेख अद्यावधिक गरि राख्नेछ।

१९. **नसिहत दिने वा प्रतिकुल राय लेख्नेः** नगर प्रहरी कर्मचारीले काममा लापरवाही गरेमा नसिहत दिन सकिनेछ । तीन पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्वन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ।

२०. **तलब, सेवा सुविधा वा आन्तरिक प्रतिस्पर्धामा सहभागी हुन रोक्का गर्नेः** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा वा मनासिव कारण नभई वा बिदा नलिई गैर हाजिर रहेमा वा अनुशासनहिन काम गरेमा वा आचरण सम्बन्धी नियमको उलङ्घन गरेमा वा पदको जिम्मेवारी अनुसारको आचारण नगरेमा वा ड्युटीमा भएको अवस्थामा मादक पदार्थ सेवन गरेमा वा ड्युटीमा नरहेको अवस्थामा पनि वर्दीको पोशाक लगाई मादक पदार्थ सेवन गरेमा वा जथाभावी गरेमा सजाय गर्ने अधिकारीले निजको तलब वा अन्य सेवा सुविधा वा आन्तरिक प्रतिस्पर्धामा सहभागी हुन रोक्का गर्न सक्नेछ।

२१. **नोकरीबाट बर्खास्त गर्नेः** (१) देहायको अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई भविष्यमा नोकरीबाट अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गर्न सक्नेछः-

(क) राजनितिमा भाग लिएमा वा राजनितिक दलको सदस्यता लिएमा वा निर्वाचनमा उम्मेदवार भएमा।

(ख) सरकार वादी हुने फौजदारी मुद्दामा कैदको सजाय पाई मुद्दा अन्तिम भएकोमा।

(ग) बिदा स्वीकृत नगराई लगातार तीस दिन ड्युटिमा अनुपस्थित भएमा।

(घ) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी र दायित्व पूरा गर्न नसकेमा।

(ङ) आचरण सम्बन्धी नियमहरु पटक पटक उल्लंघन गरेमा।

(च) पटक पटक अनुशासनहिन काम गरेमा।

(२) देहायको अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई भबिष्यमा नोकरीबाट अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्न सक्नेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा।

(ख) भ्रष्टाचार गरेको ठहर भएमा।

(ग) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएमा वा स्थायी आवासीय अनुमति लिनका लगि आवेदन गरेमा।

(घ) नोकरी वा आन्तरिक प्रतिस्पर्धाको माध्यमबाट नियुक्ति पाउनका लागि नागरिक्ता, उमेर र योग्यता ढाँटेको प्रमाणित भएमा ।

(ङ) बहुविवाह गरेको प्रमाणित भएमा।

२२. <u>सजाय दिने अधिकारीः</u> देहायको नगर प्रहरीलाई विभागीय सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछः

क) नगर प्रहरी प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नगर प्रमुख।

ख) अन्य प्रहरी कर्मचारीको हकमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृत।

२३. <u>सजाय सम्बन्धी कार्यविधिः</u> (१) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको व्यहोरा उल्लेख गरी हुन सक्ने सजाय समेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना दिंदा लगाइएको आरोप स्पष्टरुपले किटिएको हुनु पर्नेछ। त्यस्तो नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकारीले पन्ध्र दिन भित्र आफ्नो सफाईको प्रमाण पेश गर्ने मौका दिनु पर्नेछ। तर देहायको अवस्थामा सफाई पेश गर्ने मौका दिइने छैन ।

(क) भागी ठेगाना पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरीको हकमा

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर भई अन्तिम फैसला भएको नगर प्रहरीको हकमा

(३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा सजाय गर्नु भन्दा अघी त्यस्ता नगर प्रहरीको हकमा स्वयम वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गर्न/गराउन सक्नेछन।जाँचबुझ गर्ने अधिकारीले आवश्यकता अनुसार प्रमाण संकलन गरी सम्बन्धित नगर प्रहरीसँग बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नु पर्नेछ।

(४) कुनै नगर प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा सजाय गर्ने अधिकारीले जाँच बुझ सम्पन्न नभइन्जेल निजलाई निलम्बन गर्न सक्नेछ। तर यस्तो निलम्बनको अविधि ३ महिना भन्दा बढी हुने छैन।

(५) उपदफा (४) बमोजिम निलम्बन अवस्थामा रहेको नगर प्रहरीलाई निजले पाउने तलब भत्ताको आधा रकम भुक्तानी दिइनेछ।

(क) निलम्वित नगर प्रहरीउपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए तलब वृद्धी हुने भएमा सो समेतको पुरै रकम पाउनेछ। यदि कसुरदार ठहरिएमा निलम्बन भएका मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन।

(ख) कुनै नगर प्रहरी महानगरपालिकाको कामको सिलसिलामा निलम्बन भएको नभई अरु कुनै कारणबाट निलम्बन भएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन।

२४. <u>सजायको आदेश दिने:</u> जाँचबुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरीलाई निजसँग स्पष्टिकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टीकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनु पर्नेछ।

२५. <u>पुनरावेदन सुन्ने अधिकारी:</u> पुनरावेदन सुन्ने अधिकारी देहाय बमोजिम हुनेछ।

(क) दफा २९ को खण्ड (क) बमोजिम नगर प्रमुखले गरेको विभागीय सजाय उपरको पुनरावेदन सम्बन्धित जिल्ला अदालतमा र

(ख) दफा २९ को खण्ड (ख) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको विभागिय सजाय उपरको पुनरावेदन सुन्ने नगर प्रमुख ।

२६. <u>पुनरावेदनको कार्यविधि:</u> (१) दफा २९ बमोजिम दिइएको सजायको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने नगर प्रहरीले आफ्नो नामबाट पुनरावेदन दिनु पर्नेछ।

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदन लेख्दा शिष्टभाषामा लेखिएको हुनु पर्नेछ। आफ्नो सफाईको निमित्त भएको प्रमाण संलग्न राखी जुन आदेशको बिरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कलसमेत पुनरावेदनको साथमा राख्नु पर्नेछ।

(३) सजायको सूचना पाएको पैतीस दिन भित्र पुनरावेदन दिनु पर्नेछ।

२७. <u>नगर प्रहरी सेवामा पुनर्वहाली भएपछि पुरा तलब भत्ता पाउने:</u> कुनै नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा वर्खास्त गर्ने आदेश कुनै निकाय वा अधिकारीबाट रद्द भई निज सेवामा पुनर्वहाली भएमा सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मिति देखि पुनर्वहाली भएको मिति सम्मको पूरा तलब निजले पाउनेछ।

## परिच्छेद-६

# बिदा

२८. **नगर प्रहरी कर्मचारीले पाउने बिदाः** (१) नगर प्रहरी कर्मचारीले देहाय बमोजिको बिदाहरू पाउनेछः

(क) महिनाको एक दिनका दरले घर बिदा वार्षिक जम्मा १२ दिन।

(ख) महिनाको एक दिनका दरले विरामी बिदा वार्षिक जम्मा १२ दिन।

(घ) मृत्यु संस्कार बिदा बढीमा १५ दिन सम्म।

(ङ) प्रसुति बिदा ९० दिन, सेवा अवधिभर दुइपटक मात्र।

(च) प्रसुति स्याहार बिदा- १५ दिन, सेवा अवधिभर दुइपटक मात्र।

(छ) सट्टा बिदा र अतिरिक्त सेवा बिदा तोकिए बमोजिम हुनेछ।

(२) नगर प्रहरीले अधिकारको रुपमा बिदाको दावी गर्न पाउने छैन।

(३) नगर प्रहरीले बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुनुहुदैन।

तर, विशेष परिस्थिती परी बिदा बस्नु परेको अबस्थामा अनुपस्थित अवधीको बिदाको निवेदन गरी पाउने विदा अवधिमा कट्टा हुने गरी बिदा स्वीकृत गराउन सकिने छ।

(४) कामको अनुकुलता हेरी बिदा दिने अधिकारीले माग बमोजिमको बिदा दिन अथवा नदिन पनि सक्नेछ।साथै आवश्यक परेमा बिदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत बिदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ।

२९. **बिदा नलिई गैर हाजिर हुने नगर प्रहरीलाई सेवाबाट हटाउन सकिनेः** (१) नगर प्रहरीले यस ऐन वा यस अन्तर्गत बनेको नियमावली बमोजिम बिदा स्वीकृत नगराई लगातार तिस दिन गैर हाजिर भएमा त्यस्तो नगर प्रहरीलाई सेवाबाट हटाउन सकिने छ।

तर विशेष परिस्थिती परी उपस्थित हुन नसकेको उपयुक्त कारण खुलाई प्रमाण सहित निवेदन गरेको र सो निवेदन व्यहोरा साँचो देखिन आएमा अख्तियारवालाले सो गैर हाजिर भएको अवधिको बिदा स्वीकृत गरी दिन सक्नेछ।

## परिच्छेद-७

## तलब भत्ता, अवकाश, उपदान, तथा उपचार खर्च

३०. नगर प्रहरी कर्मचारीको तलब भत्ता नेपाल सरकारले तोके बमोजिम तहगत रुपमा पाउने तलब स्केलको आधारमा करारमा उल्लेख भए अनुसार हुनेछ। अन्य सेवा सुविधाको हकमा तोकिए बमोजिम हुनेछ।

(क) कर्मचारीहरुले आफ्नो धर्म, सस्कृति, परंपरा अनुसार मनाउने चाडपर्ब मनाउनको लागि खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्ब खर्चको रुपमा लिन पाउने छन। यस्तो रकम एक आर्थिक बर्षमा एक पटक निजले मनाउने मुख्य चाडपर्बको अवसरमा भुक्तानी लिन सक्ने छन्।

३१. **अनिवार्य अवकाशः** नगर प्रहरी जवान ५५ बर्ष उमेर पुरा भएपछी र अन्य पदका नगर प्रहरी कर्मचारीले ५८ बर्ष उमेर पुरा भएपछी अनिवार्य अवकाश पाउने छन।

३२. नगर प्रहरीलाई तोकिए बमोजिम सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न सकिने छ।

३३. तोकिए बमोजिम नगर प्रहरी कर्मचारीलाई स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गर्न सकिनेछ।

## परिच्छेद ८
## विविध

३४. **पोशाक, चिन्ह आदिः** (१) नगर प्रहरीको दर्ज्यानी चिन्ह अनुसूची -२ बमोजिम हुनेछ।

(२) नगर प्रहरीको पोशाक नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(३) नगर प्रहरीको पोशाक र दर्ज्यानी चिन्हको रंग तथा निजले प्रयोग गर्ने सुरक्षा तथा सञ्चारका साधन महानगरपालिकाले निर्णय गरी तोकिदिए बमोजिम हुनेछ

३५. **निरीक्षण र निर्देशनः** प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको ड्युटीको जुनसुकै बखत निरीक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ। निजको निर्देशनको पालना गर्नु नगर प्रहरीको कर्तब्य हुनेछ।

३६. **आवाशः**(१) नगर प्रहरीलाई ब्यारेक प्रणालीमा बस्ने गरी कार्यालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

(२) नगर प्रहरीलाई ब्यारेक प्रणालीमा प्रात हुने सुविधा तोकिए बमोजिम हुनेछ।

३७. **पुरस्कार तथा प्रोत्साहनः-** नगर प्रहरीले आफ्नो कर्तब्य पालनको सिलसिलामा उल्लेखनिय काम गरे बापत निजलाई महानगरपालिकाको निर्णयले प्रोत्साहन स्वरुप आर्थिक सुविधा एवं प्रशंसापत्र प्रदान गर्न सक्नेछ।

३८. **तालिमः** (१)महामहानगरपालिकाद्वारा नगर प्रहरीलाई सेवा प्रवेश गरे पश्चात अनिवार्य आधारभुत तालिम लिनु पर्ने गरी व्यवस्था गरिने छ।

(२) महामहानगरपालिकाले समय समयमा सुरक्षा सम्बन्धि तथा अन्य आवश्यक तालिमको व्यवस्था गर्नेछ।

(३) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३९. **विशिष्टिकृत काममा खटाउन सक्नेः** नगर कार्यपालिकाले नगर प्रहरी कर्मचारीलाई यस ऐनको अधिनमा रही अन्य विशिष्टिकृत काममा खटाउन सक्नेछ।

४०. **बचाउः-** नगर प्रहरी कर्मचारीले आफ्नो ओहोदाको कर्तब्य पालनको सिलसिलामा गरेको कामका सम्बन्धमा निज बहालमा रहदा वा बहाल टुटिसके पछी पनि अख्तियारवालालाई जानकारी नदिई निज उपर मुद्दा चलाउन सकिने छैन। स्वीकृती लिई चलेको मुद्दाको प्रतिरक्षा महानगरपालिकाले गर्नेछ।

४१. <u>बाधा अड्काउ फुकाउः</u> (१) यस ऐनमा उल्लिखित व्यवस्था कार्यान्वयनमा कुनै समस्या वा द्विविधा उत्पन्न भएमा नगर प्रमुखले आदेश जारी गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) उपदफा(१)बमोजिम दिइएको आदेश नगर कार्यपालिकाको बैठकबाट एक महिना भित्र अनुमोदन गराई सक्नु पर्नेछ।

४२. <u>नियम, निर्देशिका, कार्यविधि बनाउन सक्नेः</u> यस ऐनको उद्देश्य कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, मापदण्ड, कार्यविधि बनाउन सक्नेछ।

४३. <u>खारेजी र बचाउः</u>- (१) यस ऐनमा लेखिएको जतिमा यसै ऐन बमोजिम र नलेखिएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) मिति २०७९ साल चैत्र मसान्त भन्दा अघि अस्थायी वा करार सेवामा नियुक्ती पाई अविछिन्न रुपमा सेवारत रहेका नगर प्रहरी कर्मचारीहरु यस ऐन बमोजिम समान पदमा समायोजन हुनेछन्।

(३) यो ऐन लागु हुनु अगावै भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिने छ।

(४) विराटनगर महामहानगरपालिकाको नगर प्रहरी व्यवस्था गर्ने संबन्धी कार्यबिधी-२०७६ खारेज गरिएको छ।

विराटनगर

# अनुसूची १

दफा ७(१) संग सम्बन्धित

१. नगर प्रहरी निरीक्षक पदका लागि योग्यता :-

(क) दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म २० वर्ष उमेर पुगेको र २५ वर्ष ननाघेको नेपाली नागरिक,

तर खुल्ला प्रतियोगितामा भाग लिने नगर प्रहरी सेवाको नगर प्रहरी कर्मचारीको हकमा ३५ वर्ष ननाघेको र प्रहरी जवान वा प्रहरी अधिकृत आधारभूत तालीम लिएको हुनु पर्नेछ ।

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको,

(ङ) राजनीतिक दलको सदस्य नरहेको,

(च) आतङ्ककारी सङ्गठनको सदस्य नरहेको,

(छ) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१– ३३ इन्च, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको,

(ज) आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(झ) नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको,

२. नगर प्रहरी सहायक निरीक्षक पदको लागि :

(क) दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २४ वर्ष ननाघेको,

तर खुल्ला प्रतियोगितामा भाग लिने नगर प्रहरी सेवाको राजपत्र अनङ्कित प्रहरी कर्मचारीको हकमा ३५ वर्ष ननाघेको र प्रहरी जवान आधारभूत तालीम लिएको हुनु पर्नेछ ।

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

(ग) प्रकरण १ मा तोकिए बमोजिमका अन्य योग्यता पूरा भएको ।

३. नगर प्रहरी जवानको लागि :

(क) प्रहरी जवान पदको लागि दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २३ वर्ष ननाघेको,

(ख) कम्तीमा आठ कक्षा वा सो सरह उत्तीर्ण भएको

(ग) प्रकरण १ मा तोकिए बमोजिमका अन्य योग्यता पूरा भएको ।

अनुसुची-२

दफा ३४(१) संग संबन्धित

१.नगर प्रहरीको दर्ज्यानी चिन्हः-

| (क) दर्ज्यानी चिन्ह | | पद |
|---|---|---|
| डण्डा खुकुरी क्रस र एक तारा |  | नगर प्रहरी नायव उपरीक्षक |
| डण्डा खुकुरी क्रस |  | नगर प्रहरी निरीक्षक |
| (ख) दर्ज्यानी चिन्ह | | पद |
| दुईवटा तारा |  | नगर प्रहरी नायव निरीक्षक |
| एक तारा |  | नगर प्रहरी सहायक निरीक्षक |
| तिनवटा धर्का |  | नगर प्रहरी हवल्दार |
| एक धर्का |  | नगर प्रहरी जवान |
| पोसाक मात्र | | नगर प्रहरी परिचर |

नोटः-नगर प्रहरी परिचरको लागि दर्ज्यानी चिन्ह बाहेकको पोसाक मात्र उपलब्ध गराइने।